मिति २०७३/११/०२ मा बसेको आ.व. ०७३/०७४ को १० औं सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	महान्यायाधिवक्ताको कार्यालयको च.नं.,५९६४,मिति २०७३।१०।२०,को पत्रानुसार सरकारी निकायहरुसंग सम्बन्धित रिट निवेदन र मुद्दाको प्रतिरक्षा र प्रतिनिधित्वका लागि आवश्यक निर्णय, फाईल, सूचना, जानकारी एवं विवरण उपलब्ध गराउने समेतको कार्यका लागि राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई सम्पर्क व्यक्ती तोकी सम्पर्क व्यक्तीको विस्तृत विवरण महान्याधिवक्ताको कार्यालयलाई उपलब्ध गराउने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	महान्याधिवक्ताको कार्यालय		यथाशिघ्र
२.	वेरुजु फछ्र्यौट कार्यलाई अझ बढी तदारुकताका साथ तिव्रता दिन प्रत्येक मन्त्रालय तथा केन्द्रिय निकायहरुले कार्ययोजना बनाई वेरुजु फछ्र्यौट गर्ने गराउने व्यवस्था मिलाउने।	सम्बन्धित मन्त्रालय /निकाय	-	महालेखा नियन्त्रकको कार्यालय	निरन्तर
३.	विकास निर्माणका कार्यलाई बढी प्रभावकारी बनाई पूँजीगत खर्चको प्रभावकारिता बढाउन तथा गुणस्तरीय रुपमा समयमै कार्य सम्पन्न गर्न २०७४ आषाढ मसान्तसम्म आयोजना/परियोजनाका प्रमुखहरुको सरुवा नगर्ने/नगराउने व्यवस्था मिलाउने।	सम्बन्धित मन्त्रालय /निकाय	अर्थ मन्त्रालय/ सामान्य प्रशासन मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
४.	राष्ट्रसेवक निजामती कर्मचारीहरुको काजका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले नियमित अनुगमन गरि नियम/कानुन विपरित काजमा रहेको पाईएमा वा देखिएमा प्रचलित कानून अनुसार कारवाही अगाडी बढाउने।	सामान्य प्रशासन मन्त्रालय	-	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
५.	सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी हुन नसकेको सन्दर्भमा स्रोतको व्यवस्थापन आर्थिक अनुशासन मितव्ययीता तथा बजेट अनुशासन समेतलाई ध्यान दिई अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग समेत समन्वय गरी बहुबर्षिय खरिद योजना अन्तर्गत खर्च भएको विवरण समेत समावेश गरि पूँजीगत	सम्बन्धित मन्त्रालय /निकाय	अर्थ मन्त्रालय/ महालेखा नियन्त्रकको कार्यालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
	खर्चको यथार्थ विवरण १५ पन्ध्र दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। बैदेशिक सहायता समावेश भएका/हुने आयोजना तथा परियोजनाहरुको हकमा स्रोतको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने परिपाटी कायम गरि सार्वजनिक खर्च व्यवस्थापनलाई बढी चुस्त र प्रभावकारी बनाउने। वैदेशिक सहायता प्राप्तीको सुनुश्चितता बिना अनुमानका आधारमा बजेट स्वीकृत गर्ने/गराउने प्रचलन बन्द गर्ने।				
६.	जनताको नजिक रही नागरिकलाई सेवा/सुविधा प्रदान गर्ने अग्रपंक्तिका कार्यालयहरुमा राष्ट्रसेवक कर्मचारीको कमी हुन नदिने। पहिलो प्राथमिकता दिई सेवा प्रदायक निकायहरुमा जनशक्तिको व्यवस्थापन गर्ने।	सम्बन्धित मन्त्रालय /निकाय	सामान्य प्रशासन मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
७.	पूँजीगत खर्च बढाउन तथा राष्ट्रिय गौरवका आयोजना लगायतका सबै विकास निर्माणका आयोजनाहरुको कार्यान्वयनलाई थप तीब्रता दिन सम्बन्धित मन्त्रालयले तत्काल कार्ययोजना बनाई अनुगमन अभियान संचालन गर्ने। सोको कार्यप्रगती आगामी बैठकमा पेश गर्ने।	सम्बन्धित मन्त्रालय /निकाय	राष्ट्रिय योजना आयोगको सचिवालय/अर्थ मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	तत्काल
८.	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई नियमानुसार पेश्की प्रदान गर्दा छुट्टै बैंक खाता मार्फत र कार्य प्रगतीका आधारमा मात्र पेश्की दिन सकिने प्रावधान रहेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको उपरोक्त प्रावधान बमोजिम आफ्नो र अन्तर्गतका निकायहरुबाट कार्यान्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरि पेश्की दिईएको रकम खर्चको विवरण सम्बन्धित कार्यमा मात्र खर्च गर्ने/गराउने। यसको यथार्थ	सम्बन्धित सबै मन्त्रालय /निकाय	अर्थ मन्त्रालय/ सार्वजनिक खरिद अनुगमन कार्यालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल	निरन्तर

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
	विवरण प्रत्येक मन्त्रालय र केन्द्रीय निकायहरुले मासिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा उपलब्ध गराउने। जिल्ला भित्रका आयोजनाहरुको पेश्की रकम ~~खुलेको~~ प्रगती बारे प्रमुख जिल्ला अधिकारीले कार्यालय प्रमुखको बैठकमा समिक्षा गरि समयमै पूँजीगत खर्च गर्न/गराउन सहजीकरण गर्ने।				

मुख्य सचिव